# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
Arjunchaupari, Syangja

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मितिः२०८०।०६।१४

**प्रेस विज्ञप्ती**

आज मिति २०८०।०६।१४ यस अर्जुनचौपारी गाउँपालिकाको २२ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १**
अर्जुनचौपारी गाउँपालिका भित्रका विद्यालयहरुको स्वास्थ्य तथा खानेपानी लगायतका क्षेत्रमा सुधार गर्नेको लागि अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक सुधार सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याउने।

**निर्णय नं. २**
अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ थाप्लेमा निर्मित पूर्वाधार संरक्षणको लागि पालिकाले आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**
आ.व. २०८०/०८१ को लागि लघुउद्यम विकास कार्यक्रम अर्जुनचौपारी गाउँपालिका वडा नं. ३, ४ र ५ छनौट गरी कार्यक्रम सञ्चालन गर्ने तथा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ मा साझा सुविधा केन्द्र स्थापना गर्ने।

**निर्णय नं. ४**
पालिकाबाट सञ्चालन भएका योजना/कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अर्जुनचौपारी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नं. ५**
अर्जुनचौपारी गाउँपालिका भित्र नियमित नक्सा पास प्रक्रियामा नआई निर्माण भएका पूर्वनिर्मित भवनहरु नियमित तथा अभिलेखीकरण गर्नको लागि अर्जुनचौपारी गाउँपालिकाको भवन नियमित तथा अभिलेखीकरण सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नं. ६**
प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी भित्र कृषि तथा पशु क्षेत्रको विकास गरी कृषि क्षेत्रमा अत्मनिर्भर बनाउनको लागि अर्जुनचौपारी गाउँपालिकाको एकिकृत कृषि कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नं.७**
अर्जुनचौपारी गाउँपालिकाको ३,५ र ८ कक्षाको पालिकास्तरीय परिक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने।

**निर्णय नं. ८**
अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्वन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरुमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरुलाई वर्गीकरणको लागि सम्वन्धीत निकायमा पेश गर्ने।

**निर्णय नं. ९**
चालु आ.व. २०८०/०८१ को लागि अर्जुनचौपारी गाउँपालिकालाई सशर्त अनुदान तर्फ प्राप्त भएको पोषण सम्वन्धी कार्यक्रम सञ्चालनको लागि पोषण तथा खाद्य सुरक्षा समितिलाई अधिकार प्रदान गर्ने।

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner